# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

सातदोबाटो, ललितपुर

**र**

# बीमा समिति

कुपण्डोल, ललितपुर

बीच भएको

## सूचना आदानप्रदान एवं पारस्परिक सहयोगका लागि "समझदारीपत्र तथा सहयोग सम्झौता"

## १. सम्झौताको अवधारणा तथा कानूनी आधार-

अर्थतन्त्रको एक महत्वपुर्ण हिस्साको रुपमा रहेको बीमा व्यवसायको दिगो विकास तथा स्थायित्वका लागि सहकार्य गर्ने, बीमा समितिमा दर्ता भएका बीमा कम्पनीहरुका वित्तीय गतिविधिहरुलाई थप पारदर्शी एवं प्रतिस्पर्धी बनाई संस्थागत सुशासन कायम गर्ने र सर्वसाधारण लगानीकर्ताको हित सुरक्षा गर्ने तथा बीमा कम्पनीहरुमा नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** को कार्यान्वयनमा सहजीकरण गर्ने साथै सो कम्पनीहरुका वित्तीय प्रतिवेदनहरुको आवश्यकता अनुसार अध्ययन तथा विश्लेषणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा बीमा समिति बीच यो समझदारीपत्र तथा सहयोग सम्झौता गरिएको छ ।
देहायका कानूनी व्यवस्थाको अधिनमा रही यो समझदारीपत्र तथा सम्झौता गरिएको छ-

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१
- बीमा ऐन, २०४९
- बीमा नियमावली, २०४९

## २. सम्झौताका पक्षहरु-

**२.१ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था :** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३ बमोजिम स्थापित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र यस पछि "संस्था" भनिएको । र
**२.२ बीमा समिति :** बीमा ऐन, २०४९ को दफा ३ बमोजिम स्थापित बीमा समिति र यस पछि "समिति" भनिएको ।

**३. सम्झौताको उद्देश्य :** संस्था तथा समिति बीच भएको यस समझदारी पत्र तथा सहयोग सम्झौताको उद्देश्य लेखा सम्बन्धित विषयहरुमा प्राविधिक सहयोग तथा सूचना आदान प्रदान गर्ने रहेको छ ।

**४. गोपनीयता सम्बन्धी व्यवस्था** संस्था तथा समितिले यस समझदारीपत्र तथा सहयोग सम्झौताको कार्यान्वयन गर्ने क्रममा प्राप्त गरेका जानकारी तथा सूचनाको पर्याप्त रुपमा गोपनियता कायम राख्नुपर्नेछ ।

## ५. पारस्परिक सहयोग तथा सूचना आदानप्रदान सम्बन्धी व्यवस्था

५.१ संस्था तथा समितिले आवश्यकता अनुसार बीमा कम्पनीहरु, संस्थाका सदस्यहरु तथा बीमा क्षेत्रको लेखा र लेखाव्यावसाय सँग सम्बन्धित उपलब्ध भए सम्मका सूचना तथा जानकारी आदान प्रदान गर्न सक्नेछन् ।
५.२ संस्था तथा समितिले बीमा व्यवसाय, सोको लेखा र लेखा व्यवसाय सम्बन्धी नीतिगत व्यवस्था गर्दा एकआपसमा छलफल गर्न तथा राय परामर्श आदानप्रदान गर्न सक्नेछन् ।

५.३ संस्था तथा समितिले आवश्यकता अनुसार सम्बन्धित प्राविधिक सहयोग तथा परामर्श आदान प्रदान गर्न सक्नेछन् ।

५.४ संस्था तथा समितिले बीमा कम्पनीहरुमा (NFRS) को कार्यान्वयनमा आवश्यकता अनुसार सहजीकरण गर्न संयुक्त रुपमा तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्न तथा सो सम्बन्धी प्राविधिक परामर्श आदानप्रदान गर्न सक्नेछन् । साथै नियमन तथा अनुगमनको लागि आवश्यक सहकार्य गर्न सक्नेछन् ।

५.५ संस्था तथा समितिले आवश्यकता अनुसार बीमा कम्पनीहरुको वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन तथा विश्लेषण सम्बन्धमा आपसी राय परामर्श लिन/दिन सक्नेछन् ।

५.६ संस्था तथा समितिले बीमा कम्पनीहरुले बीमा समिति लगायतका निकायहरुमा बुझाउनुपर्ने तथा प्रकाशन गर्नुपर्ने आवधिक तथा बार्षिक विवरणहरुलाई पारदर्शी र यथार्थ बनाउन गर्न सकिने कार्यहरुको विषयमा आपसी सहकार्य तथा परामर्श गर्न सक्नेछन् ।

५.७ संस्था तथा समितिले बीमा कम्पनीहरुको लेखापरीक्षणको राय तथा सो रायले पार्न सक्ने असरको विश्लेषण गर्न आपसी सहकार्य तथा परामर्श गर्न सक्नेछन् ।

५.८ संस्था तथा समितिले बीमा कम्पनी र सो सम्बन्धी व्यक्ति तथा संस्थाका सदस्यहरुलाई समिति वा संस्थाले गरेको कारबाहीको एकआपसमा जानकारी गराई आवश्यक सहकार्य गर्न सक्नेछन् ।

५.९ संस्था तथा समितिले समितिद्धारा समय समयमा जारी भएका विभिन्न निर्देशिकाहरुको कार्यान्वयन प्रभावकारी बनाउन सहकार्य गर्न सक्नेछन् ।

## ६. लागू हुने

यस समझदारीपत्र तथा सहयोग सम्झौतामा दुवै पक्षका अधिकार प्राप्त प्रतिनिधिहरुले हस्ताक्षर गरेपछि लागू हुनेछ ।

यस समझदारीपत्र तथा सहयोग सम्झौतामा कुनै थपघट वा संशोधन गर्नु परेमा आवश्यकता अनुसार दुवै पक्षले आपसी समझदारीमा थपघट वा संसोधन गर्न सक्नेछन् ।

## ७. समझदारीपत्र तथा सहयोग सम्झौताको अवधि

यस समझदारीपत्र तथा सहयोग सम्झौताको अवधी हस्ताक्षर कर्ता संस्था तथा समिति दुवै पक्ष वा कुनै एक पक्षले अन्त्य नगरे सम्म नविकरण गरिए सरह कायम रहनेछ ।

यस समझदारीपत्र तथा सहयोग सम्झौताको कार्यान्वयनमा कठिनाई परेमा कुनै एक पक्षले अर्को पक्षलाई जानकारी दिई सम्झौताको अन्त्य गर्न सक्नेछ ।

| संस्थाको तर्फबाट | समितिको तर्फबाट |
| --- | --- |
| ............................ | ............................ |
| (सिए. युद्धराज ओली) | (श्री सुर्य प्रसाद सिल्वाल) |
| अध्यक्ष | अध्यक्ष |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | बीमा समिति |
| सातदोबाटो, ललितपुर | कुपण्डोल, ललितपुर |

**रोहबर,**

| | |
| --- | --- |
| ............................ | ............................ |
| (सिए. संजय कुमार सिन्हा) | (श्री राजु रमन पौडेल) |
| कार्यकारी निर्देशक | कार्यकारी निर्देशक |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | बीमा समिति |
| सातदोबाटो, ललितपुर | कुपण्डोल, ललितपुर |

इति सम्बत २०७८ फाल्गुण ११ गते बुधबार शुभम् ।